# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०९।०९ गते।

# प्रेस विज्ञप्ति

**विषय:** सम्माननीय राष्ट्रपति विद्यादेबी भण्डारीज्यू समक्ष आयोगको आ.व.२०७६।०७७ को बार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

१. सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीले आज मिति २०७७ साल पुस ०९ गते नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको तीसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७) राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहकाबीच पेश गर्नुभयो।

२. सम्माननीय राष्ट्रपतिज्यूले आयोगको तीसौं बार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै संविधानले परिकल्पना गरेको स्वच्छ समाज र सुशासनयुक्त राज्यको स्थापनामा आयोगले निर्वाह गरेको भूमिकाको प्रसंशा गर्नुभयो। भ्रष्टाचारले समाजमा शोषणको अवस्था सिर्जना गर्ने, जनतालाई अन्याय गर्ने र राज्यलाई कमजोर बनाउने हुँदा भ्रष्टाचारजन्य कार्य पाप हो र यो भावी पुस्ताप्रतिको अन्याय हो भन्ने भावना जागृत गराउन आयोग लगायत राज्यका सम्बद्ध सबै निकायको बीचमा सकृय र सार्थक सहकार्य आवश्यक पर्ने विषयमा जोड दिनुभयो। आयोगले सम्पादन गरिरहेको दण्डात्मक तथा उपचारात्मक किसिमका कामकारवाहीले जनमानसमा आयोगप्रति सकारात्मक धारणा बन्दै गइरहेको छ भनी आयोगको सक्रियताका लागि धन्यवाद प्रदान गर्नुभयो । यसैगरी, भ्रष्टाचार भएपछिको कारबाहीमा मात्र होइन भ्रष्टाचार नै हुन नदिनका लागि निरोधात्मक र प्रवर्द्धनात्मक कामहरूमा समेत उत्तिकै ध्यान दिन आयोगलाई आग्रह गर्नुभयो। सम्माननीय राष्ट्रपतिज्यूले आयोगको भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धन गरी सुशासन कायम गर्ने प्रयासमा आफ्नो तर्फबाट पूर्ण साथ र सहयोग रहने जानकारी दिनुभयो।

३. आयोगको तीसौं बार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीले आयोगले आर्थिक वर्ष २०७६।७७ मा गरेका प्रमुख कामकारबाहीहरूको प्रस्तुती गर्दै सुशासनसम्बन्धी राज्यका नीति र प्राथमिकता अनुरूप संवैधानिक गरिमालाई उचो राख्दै स्वतन्त्रता, निष्पक्षता र सक्षमता सहित कार्यसम्पादन गर्न आयोग प्रतिवद्ध रहेको बताउनुभयो।उक्त अवसरमा वहाँले सरकारी, गैरसरकारी र निजी क्षेत्र, अन्तर्राष्ट्रिय जगत, सञ्चारकर्मी, नागरिक समाज एवं आम नागरिकबाट प्राप्त सहयोग एवं सहकार्यको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत निरन्तर सहयोगको लागि सबैमा आग्रह गर्नुभयो। साथै आयोगलाई सुझाव र मार्गदर्शन प्रदान गरीदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति वहाँले हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो।

४. आयोगको तीसौं बार्षिक प्रतिवेदन पेश गर्न आयोजित विशेष समारोहमा आयोगका माननीय आयुक्त, आयोगका सचिव, महाशाखा प्रमुख र कर्मचारीहरूका साथै राष्ट्रपति कार्यालयका सचिव र कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

५. आयोगले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको ८ परिच्छेद र ३१३ पृष्ठको बार्षिक प्रतिवेदनभित्र आयोगको परिचय, आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजन सम्बन्धी कार्यको विश्लेषण, भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू, संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता, भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति

विश्लेषण, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न दिइएका छुट्टाछुट्टै एवं साझा सुझावहरू, आयोगको रणनीति, आगामी कार्यदिशा र उपसंहार रहेका छन्।

६. प्रस्तुत प्रतिवेदन आयोगका सम्बन्धित कार्यालयहरू मार्फत सबै माननीय प्रदेश प्रमुखज्यूहरू समक्षसमेत पेश गरिनेछ ।

७. आर्थिक वर्ष २०७६/७७ को अवधिमा १२९ पटक आयोगको बैठक बसी विभिन्न विषयहरूमा गरी जम्मा ७५५ वटा निर्णयहरू लिइएको थियो।

८. प्रतिवेदन अवधिमा आयोगबाट संस्थागत रणनीतिक योजना अनुरूप उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुदृढीकरणका कार्यहरू भएका छन्। यस अवधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले गरेका भ्रष्टाचारजन्य कार्यउपर प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान गरेपछि विशेष अदालतमा मुद्दा दायर गर्ने, पुनरावेदन गर्ने, पुनरावलोकन गर्ने, सम्बन्धित निकायमा सुझाव लेखी पठाउने तथा तथ्य र प्रमाण नपुग्ने उजुरी तामेलीमा राख्ने निर्णयहरू भएका छन् ।

९. आर्थिक वर्ष २०७६/७७ मा आयोगमा १४०१२ र मातहत कार्यालयहरूमा ११९४० समेत गरी कुल २५१५२ उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भएका थिए । जसमध्ये ८५५८ उजुरीहरू आर्थिक वर्ष २०७५/७६ बाट जिम्मेवारी सरेर आएका र १६५९४ उजुरीहरू आर्थिक वर्ष २०७६/७७ मा प्राप्त भएका थिए ।

१०. आर्थिक वर्ष २०७६/७७ मा कुल २५१५२ उजुरीमध्ये १६९५२ (६७.५%) उजुरी फछ्र्यौट भई बाँकी रहेका ८,२०० (३२.५%) उजुरीहरू भने आर्थिक वर्ष २०७७/७८ का लागि सरेका छन् ।

११. फछ्र्यौट भएका १६९५२ उजुरीमध्ये ९३८७ उजुरी प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको छ भने ७८६ उजुरी सुझावसहित तामेलीमा पठाइएको छ। फछ्र्यौट भएका उजुरीहरूमध्ये ११४३ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने ५६३६ उजुरीउपर अन्य आवश्यक कारबाही भएका छन् ।

१२. आर्थिक वर्ष २०७६/७७ मा विभिन्न मन्त्रालयगत तथा विषयगत उजुरीहरूको संख्या हेर्दा संघीय मामिला (स्थानीय तहसमेत)सँग सम्बन्धित ३०.०७ प्रतिशत, शिक्षा क्षेत्रसँग १६.३६ प्रतिशत, भूमि प्रशासनसँग ८.२९ प्रतिशत, वन तथा वातावरणसँग ४.२१ प्रतिशत, स्वास्थ्य तथा जनसंख्यासँग ४.०७ प्रतिशत, गृह प्रशासनसँग ३.६५ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायाततर्फ ३.५९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिंचाइतर्फ २.६६ प्रतिशत, अर्थतर्फ २.१७ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्रसँग ७.६३ प्रतिशत, गैरकानूनी सम्पत्ति आर्जनसँग ६.३७ प्रतिशत र अन्य निकाय तथा क्षेत्रसँग सम्बन्धित उजुरीहरू १०.९४ प्रतिशत रहेका छन् ।

१३. आर्थिक वर्ष २०७६/७७ मा भौगोलिक आधारमा प्रदेशगत उजुरीहरुको संख्या हेर्दा प्रदेश १ को ९.८२ प्रतिशत, प्रदेश २ को २३.८७ प्रतिशत, बाग्मती प्रदेशको १९.५९ प्रतिशत, गण्डकी प्रदेशको ५.३५ प्रतिशत, लुम्बिनी प्रदेशको १०.७९ प्रतिशत, कर्णाली प्रदेशको ५.८२ प्रतिशत, र सुदूरपश्चिम प्रदेशको ८.४४ प्रतिशत उजुरी परेका छन् भने बाँकी १६.३२% उजुरी गैरकानूनी सम्पत्ति, झुठ्ठा प्रमाणपत्र जस्ता विषयमा परेका छन् ।

१४. आर्थिक वर्ष २०७६/७७ मा विस्तृत अनुसन्धानबाट ६८७ वटा कारबाही भएका छन् जसमध्ये मुद्दा दर्ता गरिएको ४४१ (६४.२%), सम्बद्ध निकायलाई सुझाव सहित लेखि पठाइएको ११३ (१६.५%), तामेलीमा राखिएको १२४(१८%) र मुल्तबीमा राखिएको ९(१.३%) रहेका छन्।

१५. आयोगको स्थापनाको ३० वर्षको इतिहासमा आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा बढी अर्थात् ४४१ वटा मुद्दा विशेष अदालतमा दर्ता गर्ने निर्णय भएको छ, जसमध्ये घुस (रिसवत) मा २०५, नक्कली शैक्षिक प्रमाण-पत्रतर्फ ८५, सार्वजनिक सम्पत्तिको हानी नोक्सानीतर्फ ७५, गैरकानूनी लाभ हानीतर्फ ३६, राजस्व हिनामिनातर्फ १२, गैरकानूनी सम्पत्ति आर्जनतर्फ १८ र विविध विषयका १० वटा मुद्दा रहेका छन् ।

१६. आयोग स्थापना भएदेखि हालसम्मको अवधिमा आयोगले जम्मा २८७८ वटा मुद्दा अदालतमा दर्ता गरेको छ। जसअनुसार औसतमा प्रतिवर्ष करिब ९६ मुद्दा अदालतमा दर्ता भएका छन्।

१७. आयोगबाट विगतमा विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७६/७७ मा १९७ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ। फैसला प्राप्त भएका मुद्दाहरूमध्ये १६७ (८४.८%) वटा मुद्दाहरूमा भ्रष्टाचारजन्य कसुर स्थापित भएको छ। आयोगबाट सर्वोच्च अदालतमा २० वटा फैसलाउपर पुनरावेदन र २ वटामा पुनरावलोकन गरिएको छ।

१८. आर्थिक वर्ष २०७६/७७ मा विशेष अदालतमा दायर भएका ४४१ वटा मुद्दामा जम्मा १२१२ जनालाई प्रतिवादी बनाई रु. २,५३,६६,९८,२६८.५० (दुई अर्ब त्रिपन्न करोड छैंसठ्ठी लाख अन्ठानब्बे हजार दुईसय अठ्सठ्ठी रुपैयाँ र पचास पैसा) बिगो मागदाबी लिइएको छ । प्रतिवादी १२१२ जनामध्ये मन्त्री ३, विशिष्ट श्रेणीका कर्मचारी ९, अधिकृत कर्मचारी ३५५, सहायक/सहयोगी कर्मचारी ४४०, निर्वाचित/मनोनीत पदाधिकारी ७० र मतियार/बिचौलिया/अन्य ३३५ जना रहेका छन् ।

१९. यस अवधिमा दायर गरिएका मुद्दाहरू मध्ये १ लाख सम्म बिगो मागदाबी भएका मुद्दाहरू १५३ वटा रहेका छन् भने १ करोड भन्दा बढी बिगो रहेका मुद्दाहरू २९ वटा रहेका छन् । गैर कानूनी सम्पत्ति आर्जनतर्फ १८ वटा मुद्दा दायर गरी १ अर्व ०९ करोड ६१ लाख ९४ हजार बीगो मागदाबी गरिएको छ।

२०. आर्थिक वर्ष २०७६/७७ मा सेवाग्राहीहरूको घुस रिसवतसम्बन्धी उजुरीका आधारमा गरिएका १८१ वटा रङ्गेहात कारबाहीहरूमा २७७ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई अनुसन्धान एवं अभियोजन गरिएको छ। जसमा विशिष्ट श्रेणीका देखि सहायकस्तरसम्मका २०८ जना राष्ट्रसेवक कर्मचारी, १४ जना निर्वाचित एवं मनोनीत पदाधिकारी तथा ५५ जना बिचौलिया तथा मतियार लगायत रहेका छन्।

२१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) बमोजिम भ्रष्टाचार रोकथाम तथा सचेतना अभिवृद्धिका लागि आयोगले सञ्चालन गरेका निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरूमध्ये विद्यालयहरूमा सञ्चालन गरिएका ३२ जिल्लाका सामुदायिक शिक्षा कार्यक्रमहरूमा २९७६ जना विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो । आयोग र मातहत कार्यालयहरूबाट सञ्चालित ४१ वटा अन्तर्क्रिया कार्यक्रमहरूमा निर्वाचित/मनोनीत पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सरोकारवाला लगायत ५५२७ जना व्यक्तिहरूको सहभागिता रहेको थियो।

२२. आयोगमा कार्यरत कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि आर्थिक वर्ष २०७६/७७ मा सञ्चालित वैदेशिक तालिम, प्रशिक्षण लगायतका कार्यक्रमहरूमा ९७ जना र स्वदेशमा सञ्चालन भएका तालिमहरूमा १८४ जनाको सहभागिता रहेको थियो ।

२३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को संशोधन सम्बन्धी विधेयक तर्जुमा भई सम्मानित संसदमा बिचाराधिन अवस्थामा रहेको छ ।

२४. आयोगको ५ वर्षे संस्थागत रणनीतिक योजना २०७६/७७-२०८०/८१ को कार्यान्वयन गरी यसका रणनीति तथा कार्यनीति अनुरूप लक्षित प्रतिफल प्राप्त गर्न आयोग क्रियाशील रहेको छ ।

२५. यस अवधिमा भ्रष्टाचारविरुद्ध अन्तर्निकाय तथा नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्न महत्वपूर्ण कार्य भएका छन् । भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले हरेक प्रदेशका दुई/दुई वटा गरी १४ जिल्लामा गठन भएका भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizens' Jury) का कार्यमा आयोगबाट सहजीकरण गरिएको छ। आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच भ्रष्टाचारविरुद्धका कार्यहरूमा आवश्यक समन्वय एवं सहकार्य भइरहेको छ। विभिन्न मन्त्रालय तथा निकायहरूसँग समन्वय तथा अनुगमन बैठकहरू सम्पन्न भएका छन्।

२६. भ्रष्टाचार नियन्त्रण कार्यमा विद्यमान रहेका चुनौतीहरूको सामना गर्न आयोगले आफ्नो कार्यसम्पादन थप व्यावसायिक बनाउँदै लगेको छ, बढ्दो उजुरीको संख्या र नयाँ शैलीमा हुने भ्रष्टाचारको अनुसन्धान गर्न नयाँ उपकरण तथा प्रविधि प्रयोगमा ल्याइएको छ ।

२७. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोगलाई तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज तथा आम नागरिकको सहयोग अपरिहार्य छ। आयोगले भ्रष्टाचार नियन्त्रण एवं सुशासनका लागि प्रतिवेदनमार्फत नेपाल सरकारलाई २५ वटा, स्थानीय तहलाई ११ वटा, नेपाल सरकार र प्रदेश सरकारलाई संयुक्त १ वटा, नेपाल सरकार र स्थानीय तहलाई संयुक्त ७ वटा, प्रदेश सरकार र स्थानीय तहलाई संयुक्त ८ वटा, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई संयुक्त २० गरी जम्मा ७२ वटा सुझावहरू दिइएको छ।

२८. भ्रष्टाचार न्यूनीकरण एवं सदाचार प्रवर्द्धनमा योगदान दिने आयोगका कार्यले सुशासनयुक्त संघीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत गर्ने एवं समृद्ध नेपाल, सुखी नेपालीको अभियान सफल बनाउन महत्वपूर्ण योगदान पुग्ने आयोगको विश्वास रहेको छ। सबै सरोकारवालाहरूको साथ र सहयोगले मात्र उक्त लक्ष्यहरू हाँसिल गर्न सकिने हुँदा सम्पूर्ण सरकारी, गैरसरकारी, निजी क्षेत्र, सञ्चार जगत, नागरिक समाज र आम जनसमुदायमा सहयोग र सहकार्यका लागि आयोग हार्दिक आग्रह गर्दछ।

## नेपाल सरकारलाई दिइएका मुख्य सुझावहरु

१. भ्रष्टाचार नियन्त्रणका कार्यहरूलाई थप प्रभावकारी बनाउन सार्वजनिक क्षेत्रका अतिरिक्त निजी तथा गैरसरकारी क्षेत्रका संघसंस्था/निकायहरूका भ्रष्टाचारजन्य कसुरलाई स्वतन्त्र अनुसन्धान गर्ने र दण्डनीय बनाउने गरी कानूनी व्यवस्था गर्ने ।

२. मुलुकको आर्थिक विकासको स्तर एवं आर्थिक अवस्था अनुरूप सबै तहका कर्मचारीलाई आधारभूत आवश्यकता परिपूर्ति गर्नसक्ने गरी यथोचित तलब लगायत आवास, शिक्षा, स्वास्थ्य जस्ता सुविधाको व्यवस्था गर्ने र वार्षिक मूल्यबृद्धिको अनुपातमा स्वत: तलब बृद्धि हुने व्यवस्था गर्ने ।

३. सार्वजनिक निकायबाट निहित व्यक्तिगत वा समूहगत हित वा स्वार्थ रहेका खरिद निर्णयसमेत मन्त्रिपरिषद्मा पेस गरी निर्णय गर्ने परिपाटीलाई निरुत्साहित गर्नका लागि मन्त्रिपरिषद्मा पेस गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या एवं नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण गरी नीतिगत निर्णयसम्बन्धी कार्यविधि तर्जुमा एवं कार्यान्वयन गर्ने ।

४. सम्पत्ति विवरण भर्ने परिपाटीलाई सुधार गरी सबै सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक अभिलेख राख्ने र उपयोगिता बढाउने प्रणाली विकास गर्न आवश्यक कानूनी, प्रविधिगत तथा संस्थागत प्रबन्ध गरी सफ्टवेयर मार्फत सम्पत्ति विवरण भर्ने र सोको डिजिटल अभिलेख अद्यावधिक एवं लेखाजोखा हुने व्यवस्था गर्ने।

५. भ्रष्टाचार र अनुचित कार्य एक अर्कामा अन्योन्याश्रित रूपमा सम्बन्धित, पृथकरूपमा हेर्न नमिल्ने तथा एउटाको अनुसन्धान गर्दै जाँदा अर्को देखिन सक्ने विषय भएको र हाल अनुचित कार्यको अनुसन्धान गर्ने निकाय नभए तापनि त्यस्ता प्रकृतिका उजुरीहरू आयोगमा आउने गरेकाले कतिपय गम्भीर प्रकृतिका अनुचित कार्यलाई समेत भ्रष्टाचारको परिभाषामा समेट्न कानूनमा संशोधन गर्ने ।

६. भ्रष्टाचारको कसुरमा अनुसन्धान तथा अभियोजनमा पारस्परिक कानूनी सहायता आदानप्रदानलाई अझै प्रभावकारी बनाउनका लागि सम्बद्ध मुलुकसँग द्विपक्षीय वा बहुपक्षीय सम्झौता गर्ने, पारस्परिक कानूनी सहायताको केन्द्रीय निकायको रूपमा कार्य गर्ने मन्त्रालय र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईलाई थप सुदृढ गर्ने व्यवस्था मिलाउने । साथै, कुटनीतिक माध्यमबाट अनुसन्धानसम्बन्धी सूचना आदानप्रदान गर्न परराष्ट्र मन्त्रालयमा छुट्टै समन्वयात्मक संयन्त्र निर्माण गर्ने ।

७. भ्रष्टाचार नियन्त्रण र सदाचारलाई शिक्षण संस्थाका अतिरिक्त शैक्षिक क्रियाकलापका रूपमा तथा तालिम प्रदायक संस्थाका विषयवस्तुमा समेत समावेश गर्ने।

८. समाज र सार्वजनिक क्षेत्रमा भइरहेको सदाचार र नैतिक आचरणको स्खलनको प्रत्यक्ष नकारात्मक प्रभाव सुशासनमा पर्दछ। भ्रष्टाचार नियन्त्रणका लागि सरकारी, गैरसरकारी र निजी सबै क्षेत्रमा एकिकृत सदाचार प्रणालीको विकासका लागि पहल हुनु आवश्यक छ। मुलुकमा सदाचार पद्धतिको विकास गर्न राष्ट्रिय सदाचार नीति तयार गरी लागू गर्ने ।

९. आयात निर्यातको कारोबार पूर्णरूपमा बैंकिङ्ग प्रणालीमार्फत हुने, फर्म दर्ता र एक्जिम कोड सही कारोबारीले मात्र पाउने, पैठारी गर्ने मालवस्तुको प्रज्ञापनपत्र खोल्दा Harmonized Code, नाम, ब्राण्ड, मोडेल, मूल्य स्पष्टरूपमा खुलाउनु पर्ने तथा निकासी पैठारी हुने मालवस्तुको विवरण, परिमाण, मूल्य, प्रकृति, रूप, आकार, वस्तु उत्पत्तिको मुलुक आदि सहीरुपमा खुलाउनु पर्ने र यी विवरणहरु सहीरूपमा उल्लेख नभएका मालवस्तु पैठारी गर्न नसक्ने व्यवस्था मिलाई व्यक्ति विशेषलाई लाभ र नेपाल सरकारलाई हानि हुने गरी मिलेमतोमा राजस्व चुहावट गर्ने प्रवृत्ति रोक्नका लागि प्रभावकारी अनुगमन तथा नियन्त्रण प्रणालीको कार्यान्वयन सुनिश्चित गर्ने।

१०. भ्रष्टाचारजन्य कार्य हुन नदिने एवं पुनरावृत्ति हूने कार्य रोक्नका लागि भ्रष्टाचारका जोखिमपूर्ण क्षेत्र र कार्यालयहरू तथा क्षेत्रगत भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचान, लेखाजोखा र जोखिम विश्लेषण गरी उच्च निगरानी/अनुगमन, आचारसंहिता र प्रवर्द्धनात्मक कार्यक्रमलगायतका अन्य आवश्यक उपायसहितको आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयन गर्ने, तोकिएका आचरण उल्लंघन गर्ने कर्मचारीमाथि विभागीय सजाय गर्ने, कर्मचारीहरूको पदस्थापन र सरुवाका अनुमानयोग्य मापदण्ड बनाई सोका आधारमा गर्ने, ट्रेड युनियनका पदाधिकारीहरूको आचारसंहिता तयार गरी लागू गर्ने, कर्मचारी र निर्वाचित पदाधिकारीबीच सहकार्य तथा समन्वय कायम गर्ने र गैरकानूनी दबाब दिनेजस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न कर्मचारी र जनप्रतिनिधिले पालना गर्नुपर्ने आचरणगत सर्तहरूसमेत कानूनमा व्यवस्था गरी कार्यान्वयन गर्ने।

११. स्थानीय तह, मालपोत, नापी, यातायात, वैदेशिक रोजगार लगायतका सेवाग्राहीको चाप हुने कार्यालयहरूमा पर्याप्त कर्मचारी र सेवा केन्द्र, हेल्पडेक्स, टोकन प्रणाली, पूर्वाधार र क्षमता विकास, जिम्मेवारी र जवाफदेहिता किटान, कार्यप्रक्रिया सरलीकरण र प्रभावकारी अनुगमन गरी कार्यालयबाट प्रवाह गरिने सेवा सरल, सहज र छिटो छरितो रूपमा सेवाग्राहीलाई उपलब्ध गराउने, सेवा प्राप्त हुने अधिकतम समय तोकिदिने, विचौलियाको उपस्थितिलाई निरुत्साहित गर्ने तथा विद्युतीय शासनमा जोड दिई अनलाइनबाटै कर, राजस्व तिर्नसक्ने तथा सेवा प्राप्त गर्ने व्यवस्था मिलाउने ।

१२. ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन राज्यले गर्नुपर्ने ठेक्का सम्झौताहरूको कार्यबोझका आधारमा पर्याप्त रूपमा प्राविधिक जनशक्तिको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्ने, बजेटको अभाव हुन नदिने, बिना तयारी बोलपत्र आह्वान गर्ने कार्य रोकी पर्याप्त अध्ययन पश्चात मात्र ठेक्का लगाउने र सार्वजनिक खरिदसम्बन्धी अन्य कानूनी प्रावधानहरूलाई कडाइका साथ पालना गर्न लगाउने, निर्माण कार्य सम्पन्न गर्नुपर्ने समयावधि वैज्ञानिक आधारमा तय गर्ने र मनासिव माफिकको कारणको आधारमा मात्र नियमानुसार ठेक्काको म्याद थप गर्ने, सम्बद्ध कर्मचारीहरूबाट आवश्यक अनुगमन, समन्वय र सहजीकरण भए/नभएको तथा ठेक्का सम्झौताहरूमा कार्य सम्पादन जमानत र अग्रिम भुक्तानीको बैंक ग्यारेन्टीजस्ता कागजातहरूको आधिकारिकता र समयमा म्याद थप भए/नभएको तालुक विभाग/मन्त्रालयहरूले हेरी कर्मचारीलाई जिम्मेवार बनाउने, हरेक रुग्ण आयोजनाको समयबद्ध कार्ययोजना बनाएर कार्यान्वयन गर्न लगाउने तथा कार्यान्वयनको सफलतालाई कर्मचारीको कार्य सम्पादनसँग जोड्ने, मासिक रूपमा प्रगति समीक्षा र चौमासिक रूपमा कार्यान्वयनको अवस्था अद्यावधिक गरी आवश्यक भएमा विशेष कार्यटोलीसमेत बनाई समस्या समाधान गर्न विशेष पहल गर्ने, ठूलो र जटिल प्रकृतिका ठेक्कामा स्रोत व्यवस्थापन योजना र गुणस्तर सुनिश्चित योजनासमेत सम्झौताको अंग बनाई तदनुरूप कार्यान्वयन गरी सम्बन्धित निर्माण व्यवसायीलाई समेत

कार्यान्वयनको समीक्षामा प्रगति प्रस्तुत गर्न लगाउने, ठेक्का सम्झौतामा मूल्य समायोजनको प्रावधान भएमा सोको विस्तृत विश्लेषण गरेर मात्र सो बापतको भुक्तानी गर्ने, निर्माण कार्य/मालसामान/सेवाको गुणस्तरमा सम्झौता गर्ने र नेपाल सरकारलाई आर्थिक दायित्व बढाउने जस्ता कार्य हुन नदिने, विवाद समाधानको समयमा मध्यस्थ/अदालतसमक्ष आवश्यक प्रमाणहरू पेस गर्न सम्बन्धित निकायलाई पूर्णरूपमा जिम्मेवार एवं जवाफदेही बनाउने, निर्माण व्यवसायीले समयभित्र कार्य नगरेमा वा त्रुटि सच्याउने अवधिमा त्रुटि नसच्याएमा सम्झौताका सर्तनामा अनुसार ठेक्का सम्झौताको अन्त्य गर्ने ।

१३. उपभोक्ता समितिमार्फत संचालन हुने योजनाहरूमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम लागत अनुमानमा उपभोक्ता समितिको लागत सहभागिता अंश, मूल्य अभिबृद्धि करको अंश लगायतका रकम उल्लेख गर्ने, उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, उपभोक्ताको लागत सहभागिता अंशलगायतका रकम कट्टी गरी भुक्तानी गर्ने । साथै, निर्माण कार्यको प्रकृति अनुसार उपभोक्ताहरूको लागत सहभागिताको अंश र सोको उपयोग सम्बन्धमा स्पष्ट मापदण्डसमेत बनाई लागू गर्ने ।

१४. महामारीजस्तो असामान्य र असहज परिस्थितिमा पर्याप्त सूचना प्रवाह, निकायगत र तहगत समन्वय तथा जिम्मेवारी र जवाफदेहिता किटान गरी स्वास्थ्य सेवाप्रवाहको व्यवस्था गर्ने । आगामी दिनमा यस्ता महामारीसँग जुध्न पूर्वाधार र क्षमता विकासमा जोड दिने ।

१५. सुरक्षाकर्मीको व्यावसायिकता, अनुसन्धान कुशलता र मनोबल बढाउन आवश्यक नीतिगत तथा प्रविधिगत सुधार र क्षमता अभिवृद्धिको व्यवस्था एवं अनुचित राजनीतिक हस्तक्षेपको अन्त्य गरी सरुवा, बढुवाका वस्तुगत मापदण्ड बनाई निष्पक्षरूपमा लागू गर्ने। प्रहरी कर्मचारीलाई दिइने आधारभूत तालिममा सदाचारसम्बन्धी विषयवस्तुसमेत समावेश गरी सत्यनिष्ठाप्रति अभिमुखीकरण गर्ने ।

१६. भ्रष्टाचार न्यूनीकरणका लागि खर्चिलो निर्वाचन प्रणालीमा पुनरावलोकन आवश्यक छ। राजनीतिक दलको कोष तथा सार्वजनिक पदको लागि हुने निर्वाचनका उम्मेदवारको कोष सम्बन्धमा स्पष्ट नीति बनाई एवं आयव्यय बैंकिङ प्रणालीसँग आबद्ध गरी पारदर्शिता कायम गर्ने ।

तारानाथ अधिकारी
प्रवक्ता